नि.का.सप्तरी द.नं. ३(२०३९/०६/१८)-०३९/०४० ब.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ३४ २०८० साल चैत २५ गते आइतवार (7 Apr. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** तीन बुँदे सहमति पश्चात् पूर्वाधारका ... **पृष्ठ ३ मा :** किन बिदेसिन्छन् ... **पृष्ठ ४ मा :** आयुर्वेद औषधि उत्पादनमा ... **पृष्ठ ५ मा :** दिपा यादव मृत्यु प्रकरण ...

## अस्पताललाई मधेसकै उत्कृष्ट उपचार केन्द्र बनाइने : स्वास्थ्य मन्त्री यादव

**राजविराज**/उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले गजेन्द्र नारायण सिँह अस्पताललाई मधेशकै उत्कृष्ट उपचार केन्द्र बनाइने बताएका छन् ।

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको शुक्रबार अनुगमन गर्ने क्रममा उनले यस्तो बताएका हुन् । जनताले पनि बिकास चाहेकोले यस अस्पताललाई विशेषज्ञ डाक्टरसहित सेवा दिनका लागि मधेसकै उत्कृष्ट उपचार केन्द्र बनाउन आफु प्रतिबद्ध रहेको उनले उल्लेख गरे ।



जनता समाजवादी पार्टी( जसपा) नेपालका अध्यक्ष समेत रहेका यादवले अस्पतालको गुणस्तरीय बढाउनका लागि चाहिने उपकरण सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । अस्पताल भित्र राखिएका उपकरणहरुलाई चाडै प्रयोगमा ल्याउन निर्देशन दिदै रामराजा स्वास्थ्य बिज्ञान प्रतिष्ठानको काम पनि चाडे अगाडी बढाइने उनले भने ।

संचालनमा ल्याउन राम्रो वातावरण हुनुपर्नेमा उल्लेख गर्दै अगामी साउन महिना सम्ममा गजेन्द्र नारायण सिँह अस्पताल भित्र बन्दै गरेको नयाँ भवनबाट सेवा दिने उद्देश्यले काम भइरहेको उनले जानकारी दिए ।

अस्पताल भित्र किडनी र मुटुरोग उपचारका लागि पनि भवन बनि रहेको भन्दै चाडे नै ती नयाँ भवनबाट गुणस्तरीय एवं जनताले चाहे अनुसारको उपचार सेवा दिइने विश्वास व्यक्त गरे ।

अस्पतालमा प्राविधिक, डाक्टर र उचकरणको अझै धेरै आवश्यकता रहेको भन्दै अस्पतालका लागि निर्माणाधिन नयाँ भवनको कार्यहरु पनि अन्तिम चरणमा रहेकाले निर्माण सम्पन्न भएपछि ती सबै समस्याहरु हल हुने उनको भनाइ छ ।

"अहिले अस्पतालमा चिकित्सक र उपकरणसहित जनशक्ति र भौतिक संरचनाहरुमा पनि कमी देखिएकाले डाक्टर प्राविधिकहरुको अझ धेरै व्यवस्था गरेर राम्रो उपचार दिने स्वास्थ्य केन्द्रको रुपमा स्थापित गर्ने ढगले कामहरु अगाडी बढाउने मेरो प्रयस छ" उनले भने ।

मन्त्री यादवले अस्पतालको आकस्मिक कक्ष, ओपिडी कक्ष, फार्मेशीलगायत विभिन्न कक्षको अनुगमन गर्नुका साथै भर्ना भएका बिरामीको अवस्थाबारे जानकारी समेत लिएका थिए ।

यसअघि २०७५ जेठमा यादव स्वास्थ्य मन्त्रीमा नियुक्त भएपछि गजेन्द्र नारायण सिँह अस्पतालको सुधारका लागि अस्पतालमा बाहिरबाट राम्रो डाक्टर, उपकरणहरु सहयोग गर्नुका साथै सरसफाईमा समेत सुधार भएको भएको थियो ।

## गाउँपालिका अध्यक्षसहित तीनै जनाले पाए सफाई



**राजविराज**/सोलार बत्ति जडान कार्यको भुक्तानी दिने क्रममा घुस लिएको भन्दै अख्तियारले सप्तरीको विष्णुपुर गाउँपालिका अध्यक्ष, लेखापाल र एमआइएस अपरेटरमाथी दायर गरेको मुद्दामा विशेष अदालतले सफाइ दिएको छ ।

सो मुद्दामा शुक्रबार विशेष अदालतले पालिका अध्यक्ष उमेश प्रसाद यादव, लेखापाल टेकनारायण यादव र एमआइएस अपरेटर बिरेन्द्र कुमार यादवलाई सफाई दिएको हो ।

गाउँपालिकामा आर्थिक वर्ष २०७९/८० मा भएको सोलार बत्ति जडान कार्य सम्पन्न भएपछि अन्तिम भुक्तानी दिने क्रममा अध्यक्ष, लेखापाल र एमआइएस अपरेटरको मिलोमतो र योजनामा दुई लाख नगद र तीन लाखको चेक घुसवापत लिएको पाइएकाले प्रतिवेदनसहित अख्तियारले

*बाँकी अन्तिम पृष्ठमा*

## आठ वर्षदेखी लगाइएको ताला वडा कार्यालयको पहलमा खोलियो



**राजविराज**/भाडा सम्बन्धी विवादका कारण विगत ८ वर्षदेखी भएको एक घरको तालाबन्दी शनिबार खुलेको छ ।

राजविराज नगरपालिका ४ मेनरोडस्थित निलम सिंहको घरमा होटल संचालन गरि बसेका प्रकाश कुमार शाहीले घरधनीसित भाडा सम्बन्धी विवादपछि ८ वर्षअघि लगाएको ताला वडा कार्यालयको पहलमा खोलिएको हो ।

होटल संचालक शाहीले भाडाबृद्धि लगायत अन्य विविध विषय देखाउँदै क्षतिपूर्ती दाबीसहित घरपट्टी सिंहविरुद्ध अदालतमा मुद्दा दायर गरेका थिए । उता घरपट्टी सिंहले शाहीद्वारा गरिएको तालाबन्दी बिरुद्ध राजविराज नगरपालिकाको न्यायिक समितिमा उजुरी दिएकी थिइन् ।

न्यायिक समितिले २०७५ साल असोज १० गते फैसला सुनाउँदै तालाबन्दी खोल्नु पर्ने ठहर गरेको थियो । तर फैसला कार्यान्वयन हुन सकेको थिएन् ।

सोही फैसला कार्यान्वयन स्वरुप नगरपालिका र वडा कार्यालयबाट खटेको डोर कर्मचारीले प्रहरी, जनप्रतिनिधि, स्थानियवासी र पत्रकारको रोहबरमा ८ वटै कोठाको ताला खोलेका छन् ।

कोठाभित्र होटल संचालक शाहीको रहेको सरसामानहरुको मुचुल्का गरि निजलाई जिम्मा लगाउने सहमति भएको वडा अध्यक्ष दिनेश साहले जानकारी दिए ।

## पशु अस्पताल भवन निर्माण कार्य सुरु

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ योगिनियाँमा पशु अस्पताल भवनको निर्माण कार्य सुरु भएको छ ।

करिब ९ करोड ९३ लाख लागतमा निर्माण हुने ३५ कोठे चार तल्ले भवन निर्माणका लागि कञ्चन कन्स्ट्रक्सन सातदोबाटो ललितपुरले ठेक्का पाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### होर्डिङ बोर्ड लगाउ

कुनै पनि स्थानमा सडक, नाला तथा ढल निर्माणका कार्यहरु भइरहेको विषयमा निर्माण कम्पनीले होर्डिङ बोर्ड लगाउनु आवश्यक छ। ती होर्डिङ (सांकेतिक) बोर्ड लगाउनुको उद्देश्य सावधानी अपनाएर यातायातका साधन, पैदल वा साइकल यात्रीले गति न्युन गरेर गन्तब्यतर्फ जानु हो। कुनै पनि स्थानमा निर्माण कार्य भइरहदा बाटो निर्माणको कार्य भइरहेको भन्दै सांकेतिक बोर्ड राख्ने चलन रहेको छैन्। राती घर पुग्दा बाटो राम्रो तर बिहान उठेर पुनः सोही बाटो हुँदै जाने क्रममा अनाहकमा दुर्घटनामा पर्ने जोखिम बढेको छ। यस्ता लापरवाहीले जो कोही पनि दुर्घटनामा पर्न सक्छन्।

जिल्लाका विभिन्न स्थानहरुमा भइरहेका सडक मर्मत तथा निर्माणका कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ भने सांकेतिक बोर्ड लगाउनु पनि उत्तिकै जरुरी रहेको छ। विभिन्न निर्माण कार्य भइरहेको सम्बन्धमा निर्माण कम्पनीले सांकेतिक रुपमा निर्माण सम्बन्धी होर्डिङ बोर्ड नलगाउँदा दुर्घटनाको सम्भावना बढ्न जान्छ।

तसर्थ कुनै पनि दुर्घटना निम्त्याउनु भन्दा पहिले दुर्घटना हुनै नदिन लापरवाही तरिकाले गरिने कार्यलाई अविलम्ब सच्याउनु पर्ने जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तीन बुँदे सहमति पश्चात् पूर्वाधारका कर्मचारीहरु काममा फर्किए

**राजविराज**/विगत पाँच दिनपछि आन्दोलनमा रहेका पूर्वाधार विकास कार्यालय सप्तरीका कर्मचारीहरु शुक्रबारदेखी काममा फर्किएका छन्। तीन बुँदे सहमतिपछि उनीहरु काममा फर्किएका हुन्।

कार्यालय प्रमुखमाथी प्रदेश सांसद सहितको टोलीद्वारा दुर्व्यवहार भएको भन्दै उनीहरु आन्दोलित भएका थिए। प्रमुख जिल्ला अधिकारी किरण थापाको अध्यक्षतामा बसेको बैठकमा दुई पक्षबीचमा भएको लिखित प्रतिबद्धता पश्चात् कर्मचारीहरु कार्यालय संचालनका लागी काममा फर्केका हुन्।

सहमतिमा पूर्वाधार विकास कार्यालय सप्तरीले पालिका तथा वडामा रहेको योजनाहरु मापदण्डमा रही सम्बन्धित पालिकासँग समन्वय गरी ऐन, कानून निर्देशिका बमोजिम कार्य गर्ने, कार्यालयले जिल्लामा हुने विकास निर्माण कार्यमा पारदर्शिता कायम राख्दै सरोकारवाला पक्षहरुसँग समान व्यवहार गरी कार्य गर्ने उल्लेख छ।

यस्तै गत चैत्र १८ गते कार्यालय प्रमुख र सांसद टोलीबीच भएको घट्नाबाट उत्पन्न असमझदारी र कर्मचारी आन्दोलित भएकोमा जनमत पार्टीका तर्फबाट दुःख व्यक्त गर्दै अगामी दिनमा यस्ता क्रियाकलाप प्रति सचेत रहने प्रतिबद्धता व्यक्त गरिएको बैठकमा सहभागी जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहले जानकारी दिए।

गत चैत्र १८ गते योजना बाँडफाँडको विषयलाई लिएर कार्यालय प्रमुख प्रविण प्रताप अधिकारीमाथी जनमत पार्टीका तर्फबाट प्रदेश सांसद एवं पूर्व मन्त्री समेत रहेका महेश प्रसाद यादवले हातपात र दुर्व्यवहार गरेको भन्दै कर्मचारीहरु कार्यालयको सम्पुर्ण कामकाज ठप्प पारी कार्यालय परिसर मै धर्नामा बसेका थिए।

# ध्वनी प्रदुषण नियन्त्रणका लागि सम्बन्धीत कार्यालयहरुलाई निर्देशन

**राजविराज**/मधेश प्रदेश सुरक्षा समन्वय समितिका अध्यक्ष एवं गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले ध्वनी प्रदुषण नियन्त्रणका लागि सम्बन्धीत कार्यालयहरुलाई निर्देशन दिएका छन्।

मधेश प्रदेशमा हुने गरेको बिभिन्न खालका कार्यक्रममा ठूलो अवाजमा डिजे लगायतका साउण्ड सिस्टमले ध्वनी प्रदुषण भई स्वास्थ्यमा प्रतिकुल असर पारिरहेको जनगुनासो बढ्न थाले पछि त्यसलाई नियन्त्रणका लागि प्रदेश सरकारले अग्रसरता देखाएको हो।

मन्त्री लेखीले ध्वनी प्रदुषणले बिभिन्न खालको समस्याहरु सृजना गर्ने गरेको ठहर गर्दै नियन्त्रणका लागि हरेक पक्षबाट समन्वय र सहयोगको अपेक्षा समेत गरेका छन्। उनले जनताको गुनासोलाई सम्बोधन गर्दै तत्काल ध्वनी प्रदुषण नियन्त्रण गर्नका लागि सुरक्षा निकायका प्रमुखहरुलाई बैठकमा निर्देशन समेत दिए।

बैठकमा जनताले गरेका गुनासाहरु सुनाँउदै मन्त्री लेखीले ध्वनी प्रदुषणका कारण हृदयका रोगीहरुलाई बिभिन्न खालका समस्या हुनुको साथ साथै एसइईका विद्यार्थीहरुलाई पठन पाठनमा समेत समस्या भइरहेकोले नियन्त्रणका लागि आवश्यक कदम लिनका लागि मन्त्रालय मातहतका निकायहरुलाई निर्देशन दिए।

बैठकबाट ध्वनी प्रदुषण रोक्नका लागि प्रदेशभरीका जिल्ला प्रशासन कार्यालय, चारवटै सुरक्षा निकाय र प्रदेश भरीका स्थानीयतहलाई पत्रपठाउने निर्णयसहित पत्र पठाइएको मन्त्री लेखीले जानकारी दिए।

मन्त्रालयले गरेका निर्णयलाई अटेर गर्नेलाई कानून अनुसारको कारबाही प्रक्रिया अगाडी बढाइने समेत बताइएको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालय समालेको केही दिनमै एक पछि अर्को गरी जनगुनासालाई सम्बोधन गर्न थालिएपछि मन्त्री लेखीले केही गर्ला भने मधेशको जनतामा आशा पलाएको छ।

# अग्निपीडित परिवारलाई राहत प्रदान

**राजविराज**/सप्तरीको छिन्नमस्ताका अग्निपीडित परिवारलाई राहत प्रदान गरिएको छ।

धर्मी हल्फा महिला विकास क्लव लालापट्टीका अध्यक्ष एवं समाजसेवी इन्जिनियर सूर्यनारायण यादवले छिन्नमस्ता गाउपालिका ३ सखडाका अग्निपिडित परिबारलाई राहत बितरण गरेका हुन्।

अग्निपीडितहरु गंगाराम साह हलुवाई, कंचन देवी (राम कुमार साह) र बिन्दु कुमार साहका परिबारलाई त्रिपाल, लुगाफाटा, भाडाकुडा, म्याट्रेस, बाल्टिन, मग लगायतका सामाग्रीहरू बितरण गरेको उनले जानकारी दिए।

उक्त राहत वितरणमा इलाका प्रहरी कार्यालय सखडाको प्रहरी बरिष्ठ हवलदार राजरिष प्रसाद यादव, प्रहरी हवलदार सुरेश मेहता, छिन्नमस्ता गाउपालिका ३ का वडा सदस्य मोहम्मद बिन मियाँ, पशु स्वास्थ्य शाखा प्रमुख चन्द्र नारायण पण्डित लगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो।

मंगलबार साँझ भएको आगलागीमा ८० बर्षिय बृद्ध गंगाराम साहको २, नीजको जेठो छोरा राम कुमारको ५ तथा कान्छो छोरा बिन्दु कुमारको २ गरी ९ बटा घर पुर्णरुपमा जलेर नष्ट हुँदा १६ लाख मुल्य बराबरको क्षति भएको थियो।

# सदस्यता टुंगो लगाएर साधारणसभा गर्न आग्रह

**राजविराज**/पत्रकार महासंघको सदस्यता टुंगो नलगाई साधारणसभा, अधिवेशन सहितका कुनै पनि प्रक्रिया अगाडी नबढाउन नेपाल प्रेस युनियन सप्तरीले ध्यानाकर्षण गराएको छ।

नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देवलाई युनियनका अध्यक्ष बिनयकुमार लाल कर्णले सो ध्यानाकर्षण गराएका हुन्।

नेपाल प्रेस युनियन केन्द्रीय समितिको मिति २०८० चैत १७ गते सुनसरी जिल्लाको इटहरीमा सम्पन्न बैठकले पत्रकार महासंघले चैत मसान्तसम्म सम्पूर्ण जिल्लाको साधारणसभा र अधिवेशन तथा आगामी बैशाख २२ र २३ गते केन्द्रिय महाधिवेशन गराउने निर्णयबाट शुद्धिकरण अभियानलाई नै ओझेलमा पार्ने काम भएको उल्लेख गर्दै सदस्यता र मतदाता नामालीको टुंगो लगाएर मात्र जिल्ला, प्रदेश र केन्द्रको अधिवेशन/साधारणसभा गर्न ध्यानाकर्षण गराएको हो।

नेपाल पत्रकार महासंघले शुद्धिकरण अभियानलाई थाँती राखेर सार्वजनिक रुपमा प्रेस विज्ञप्ती जारी गरी जिल्ला, प्रदेश र केन्द्रीय अधिवेशन घोषणा गरेको प्रति नेपाल प्रेस युनियनको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ।

सोही पत्रमा नेपाल पत्रकार महासंघले प्रेस युनियनको माग बिपरित अधिवेशन/साधारणसभा सहितका कुनै पनि प्रक्रिया अगाडी बढाएमा सोबाट उत्पन्न हुन जाने परिस्थितिको जवाफदेही स्वयं नेपाल पत्रकार महासंघ शाखा सप्तरी नै हुने समेत जानकारी गराएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# किन बिदेसिन्छन् नेपाली ?

**शैलेश सिंह**

'पापा हजुर किन विदेश नगएको ? ठूलो भएपछि म त यहाँ बस्दिनँ है ।' कक्षा २ मा पढ्ने मेरो छोराले एक्कासि यस्तो भन्दा म अवाक् भएँ । उमेरले ऊ आठ वर्ष पुग्दै छ । विदेश किन नगएको भन्ने बालसुलभ प्रश्न भन्दा पनि भविष्यमा विदेश जानैपर्छ भन्ने उसको बालमस्तिष्कमा उब्जेको सोचले मलाई नराम्रोसँग झस्कायो ।

जुन विचार मेरो सानो छोरामा आएको छ; यसले नेपालमै केही गरेर देखाउनुपर्छ, सन्तानको भविष्य नेपालमै खोज्नुपर्छ भनेर यौवन खर्चिरहेका मजस्ता हजारौं बाबुलाई ठूलै झट्का दिन्छ । छोराको कुराले म निरुत्तर भएँ नै, आफ्नो स्कुले जीवन सम्झन समेत पुगें । कक्षा ८-१० मा पढ्दा कसैले के बन्ने भनेर सोध्दा हामी विद्यार्थीको उत्तर हुन्थ्यो– डाक्टर, पाइलट, इन्जिनियर आदि ।

तर कसैलाई थाहा थिएन– डाक्टर, पाइलट र इन्जिनियर कस्ता पेसा हुन्; पढ्न कहाँ जानुपर्छ र पढेपछिको भविष्य के हुने हो ?

पढेर आफ्नो सन्तान ठूलो मान्छे भएको हेर्न हरेक अभिभावकले चाहन्थे उतिबेला, तर विदेश जाने कुरा गर्ने अभिभावक वा बालबालिका त्यति पाइँदैनथ्यो । आज विद्यार्थी तथा अभिभावकको चाहना, आवश्यकता, प्राथमिकता बदलिएको छ । समाजको पहिलो प्राथमिकता विदेश भएको छ । सायद मेरो छोरो पनि अहिलेको समाज बुझ्ने भइसकेछ कि ! म निकै घोत्लिएँ ।

'मेरो देश प्राणभन्दा प्यारो छ' भन्दै राष्ट्र, राष्ट्रियता, भाषा र स्वाभिमानको चर्को वकालत गर्दै आफ्नो जीवनको ऊर्जावान् समय खर्चेकाहरू पनि डीभी भर्न पहिलो पङ्क्तिमा उभिएको मैले देखेको छु ।

नागरिकता र जन्मभूमि अनि देशप्रतिको दायित्वसँग सम्बन्धविच्छेद गर्न पाएकामा खुसी बाँड्न आयोजना गरिएका फेयरवेल पार्टीमा सहभागी हुँदै बधाई साटेकाहरूलाई पनि देखेको छु ।

देश छाड्दै गर्दा एयरपोर्टमा खादा र माला लगाएको तस्बिर राखेर सामाजिक सञ्जालमा खुसियाली मनाउनु त फेसनजस्तै भएको छ । अचेल स्वाभाविक आकस्मिकता जस्ता लाग्ने यी अवस्था पछाडिका कारण के होलान् ? म फेरि घोत्लिएँ ।

तिमीहरुका लागि राज्य छ, विधिको शासन छ भनी जनतालाई आश्वस्त पार्न राज्यका उच्च पदस्थ वा नेताहरुले सकिरहेका छैनन् । यहाँ पहुँच वा चिनजान भए जे पनि हुन्छ, अन्यथा केही गर्न सकिँदैन भन्ने सामूहिक मानसिकता संस्थागत भइसकेको छ । राज्य छ भन्ने विश्वास जनतामा नहुनु नै पलायनको मुख्य कारणमध्ये एक रहेको छ ।

विभिन्न सङ्गीन मुद्दामा सजाय पाएकाले आममाफी पाउनु, विश्वविद्यालयदेखि अदालतसम्म राजनीतिक नियुक्ति हुनु, पैसा र पहुँचको भरमा अपराधबाट उन्मुक्ति पाउनु, राम्रोभन्दा पनि हाम्रोले उच्च प्राथमिकता पाउनुजस्ता कुराले देशमा भएको कानुनी राज्यको धज्जी उडाइरहेको छ ।

नेपालमा केही अवसर छैन, अब विदेश गइन्छ, देश टाट पल्टिइसक्यो भनेको सुन्नु अहिले सामान्यजस्तै भएको छ । नेपालमा गर्न सके अवसरै अवसर छन् भनेर सरकारले युवालाई विश्वास दिलाउन सकेको छैन । नेपालमा रहेका पाँच हजारभन्दा बढी वैदेशिक परामर्श संस्थाहरूले वैदेशिक अध्ययनमा विदेश पठाउनका लागि भनेर वार्षिक अर्बौं खर्च गरिरहेका छन् तर नेपालमा अवसरै अवसर छन् भनी जानकारी दिने सरकारी सूचना केन्द्र खै ? के हरेक वडा कार्यालयदेखि पालिका स्तरसम्म यस्ता सूचना केन्द्र राख्नु राज्यको दायित्वमा पर्दैन र ? यहाँ बुझ्नुपर्ने कुरा के छ भने गलत सूचना र देखासिखीका कारण पनि धेरै जनशक्ति बिदेसिन बाध्य छ ।

अहिलेको समाजमा खासगरी नेपालजस्तो विकासोन्मुख देशमा दिन प्रतिदिन एउटा भाष्यले गहिरो स्थान लिइरहेको छ, त्यो भाष्य हो– पैसा कमाउनु नै सफल हुनु हो ।

सफलता के हो भन्ने कुरा व्यक्ति, परिस्थिति र समाजअनुरूप फरक-फरक हिसाबले बहसको विषय बन्न सक्छ तर हामीजस्तो रीतिरिवाज, संस्कार र परम्परा भएको देशमा पैसा मात्र सबैथोक होइन; नैतिकता, धर्म तथा राष्ट्रियता आदिको महत्त्वपूर्ण स्थान हुन्छ । सफल हुनका लागि आर्थिक प्रगतिका साथै यी सबै कुरा अपरिहार्य हुनुपर्छ । व्यक्ति र राष्ट्र दुवै सँगसँगै सफल हुन हरेक नागरिकले राज्यको नीति तथा सिद्धान्तलाई अङ्गीकार गर्नुपर्छ भनेर नेतृत्व वर्गले बुझाउन नसक्नु आजको दुखान्त हो ।

सरकारको अनावश्यक नियन्त्रण पनि आजको वैदेशिक पलायनको अर्को कारण हो । नियम, कानुन र विधिको शासनको प्रत्याभूति दिलाउनु सबै देशका सरकारको काम हो तर पुँजी निर्माणमा निजी क्षेत्रको भूमिका ठूलो हुन्छ ।

पुँजी निर्माण गर्ने क्षेत्रलाई नियमन तथा सहयोग गर्ने काम सरकारले गर्ने हो; नेपालको हकमा करिब ८१ प्रतिशत अर्थतन्त्र निजी क्षेत्रले धानेको भए पनि सरकारबाट निजी क्षेत्रलाई आफ्नो अभिन्न अङ्गका रूपमा नहेरी सौतेनी व्यवहार गर्दै व्यवसाय दर्ता, नवीकरण तथा विभिन्न करको बहानामा अनावश्यक दुःख दिने काम भइरहेको पाइन्छ । जसका कारण विद्यार्थी, श्रमिक, लगानीकर्ता तथा बौद्धिक व्यक्तित्व पलायन भइरहेका छन् । व्यवसाय दर्ता गर्नै महिनौं लाग्ने; विभिन्न विभाग तथा निकायमा सोर्सफोर्स लगाउनुपर्ने; व्यवसाय सञ्चालन गर्दा विभिन्न किसिमका राजनीतिक, आर्थिक तथा अनावश्यक कानुनी झमेलाजस्ता समस्यासँग जुध्नुपर्ने बाध्यात्मक अवस्था हामीकहाँ छ । यो अवस्थालाई हामीले समयमै निराकरण गरेर युवालाई स्वदेशमै बस्ने वातावरणको सुनिश्चितता गर्न सकेनौं भने युवा तथा बौद्धिक व्यक्तिविहीन देश हुनेछ ।

१० खर्बभन्दा बढी रेमिटान्स भित्र्याउने देशका लागि वैदेशिक यात्रा सामान्य तथा अपरिहार्यजस्तो लाग्न सक्छ । यहाँ राज्यको हरेक निकायले सोच्नुपर्ने बेला भइसकेको छ कि हाम्रो यो रेमिटान्स दीर्घकालीन हो कि अल्पकालीन ? यसका लागि हामीले पहिला यो बुझ्न जरुरी छ, हाम्रो देशबाट उच्च तथा मध्यम वर्ग र निम्न वर्ग गरी दुई किसिमका व्यक्ति बिदेसिइरहेको अवस्था छ ।

निम्न वर्गका व्यक्ति भारत, खाडी, कोरिया तथा अन्य देश गइरहेका हुन्छन् । जसको वैदेशिक यात्राको उद्देश्य भनेकै श्रम गरी कमाएको पैसा नेपाल पठाएर जीविकोपार्जन गर्ने हो, रेमिटान्स भित्र्याउन अहं भूमिका यिनैको हुन्छ । साउदी अरेबिया, मलेसिया, कतार र भारतबाटै देशमा बढी मात्रामा रेमिटान्स भित्रिरहेको छ । यी चार देशबाट मात्र कुल रेमिटान्सको ५० प्रतिशतभन्दा बढी रेमिटान्स आउने गरेको छ । यस्ता देशबाट सीप सिकेर फर्केका व्यक्तिले इलम गर्न खोज्दा राज्यले पर्याप्त सहयोग गरेको पाइँदैन ।

उच्च तथा मध्यम वर्गका व्यक्तिहरू सम्पन्न तथा शक्तिशाली देश (जस्तै : अमेरिका, क्यानडा, अस्ट्रेलिया, युरोपियन देश आदि)तर्फ गइरहेका छन् । यस्ता देशमा जाने व्यक्तिको उद्देश्य प्रायः समान रहन्छ– केही वर्षको अध्ययन तथा कामपछि त्यतै व्यवस्थित तरिकाले सेटल हुने । यस्ता देशमा गएका व्यक्तिहरू बिरलै मात्र देश फर्केको देख्न र सुन्न पाइन्छ । श्रमका लागि जाने देशमा भन्दा यस्ता देशमा जाने व्यक्तिको आय बढी भए पनि त्यता आर्जन गरेको आयलाई त्यतै जम्मा गरी त्यतै स्थापित भइरहेका हुन्छन् । कतिपयले नेपालको आफ्नो पुर्ख्यौली सम्पत्ति समेत बेचेर पलायन भइरहेको पाइन्छ । पछिल्लो समय पुँजी पलायनको एक मुख्य कारणमध्ये यो पनि एक हो । यस्ता व्यक्तिलाई राज्यले समयमै पहिचान गरी समय सुहाउँदो नीति अङ्गीकार गरी मानवीय र आर्थिक पलायन रोक्न नसके देश ठूलो सङ्कटमा पर्ने देखिन्छ ।

देशले बौद्धिक पलायन रोकेन वा फिर्ता बोलाउन उपयुक्त नीति अङ्गीकार गरेन र नेपालमै गरिखाने किसिमको वातावरण बनाएन भने नेपालबाट युवा, बौद्धिक पलायन मात्र नभएर एक स्वाभिमान राष्ट्रको अस्तित्व समेत पलायन हुनेछ ।

स्टाचु अफ लिबर्टी, ओपेरा हाउस र लन्डन ब्रिजसँगै खिचिएको फोटोले मात्र विदेशमा रहेका व्यक्तिको सुख, समृद्धि तथा सफलताको कहानी बताउँदैन । त्यो फोटोमा केवल मुस्कान झल्किएको हुन्छ, नेपालमा बस्नेले त्यही अनुहार देखेको हुन्छ । यस्ता तस्बिर पछाडिको पीडा नदेखेर पनि थुप्रै व्यक्ति बिदेसिइरहेको पाइन्छ । रिल जीवन र रियल जीवनबिचको यथार्थ जानकारी गराउने प्रभावकारी सरकारी संयन्त्र पनि हामीकहाँ अपरिहार्य देखिन्छ ।

वास्तवमा विदेश गएर यस्ता तस्बिर पोस्ट गरिरहेकाहरू पनि उपयुक्त वातावरण पाए स्वदेश फर्किन खुट्टा उचालेर बसेका छन् । मेरो छोराजस्तै आजका बालबालिकाको मस्तिष्कमा देशमै केही गर्छु भन्ने सोच र सपना ल्याउन राज्यले प्रभावकारी कार्यक्रम ल्याउनैपर्छ । (धनगढी, कैलाली ।) रातोपाटीबाट


# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानुनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच वर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# आयुर्वेद औषधि उत्पादनमा राज्यले बेवास्ता गरेको छ

**सुमन पाण्डे**

औषधि भन्ने वित्तिकै सबैले एलोपेथिक औषधिलाई मात्र बुझ्छन् । हाम्रो घर, भान्सादेखि सबैतिर आयुर्वे औषधि प्रयोगमा आउँछ । तर पनि जडिबुटी औषधिको विषयमा चर्चा थोरै हुन्छ । आयुर्वेद औषधि उत्पादक संघ अन्तर्गत ४२ वटा उद्योग छन् । औषधि व्यवस्था विभागमा धेरै १०० भन्दा बढी दर्ता छन् । औषधि व्यवस्था विभागभन्दा अगाडि नै नेपालमा आयुर्वेद औषधिका कम्पनी थिए । आयुर्वेद औषधिहरु प्रयोग गरिन्थ्यो ।

गर्विलो इतिहास बोकेको आयुर्वेद क्षेत्रलाई सरकार र सम्बन्धित निकायले कमजोरीको रुपमा हेरेको देखिन्छ । आयुर्वेदमा बिरामी हुँदा मात्र होइन, बिरामी हुनै नदिन प्रयोग गरिने औषधिहरु पनि छ । आयुर्वेदको क्षेत्रमा पनि औषधि उत्पादनको अवस्था उस्तैउस्तै छ । धेरै समस्या छन् । ती समस्या समाधानका लागि हामी आफैं पनि जुटिरहेका छौं । विभागले गर्ने नियमनले पनि हामीलाई फाइदा भएको छ । भारतबाट आउने कतिपय औषधिहरु आयात बन्द हुँदा आयुर्वेदमा नेपाली उद्योगहरु अगाडि बढ्न सक्षम भएका छन् ।

नेपाली आयुर्वेद औषधिमा जीएमपी लागू भएमा आयुर्वेद औषधि उद्योगले पनि फड्को मार्ने विश्वास लिएको छ । सहुलियतको विषयमा कसैले ध्यान दिएको छैन । सरकारकै उद्योग बन्द जस्तो छ । यसतर्फ ध्यान दिइएको छैन । भोलिका दिनमा नेपाली उद्योग नहुँदा, नेपालमा औषधि उद्योग बन्द भएको अवस्थामा सरकारले औषधिहरु आयात मात्र गर्छ ? के गर्छ भन्नेमा सरकारको कुनै चासो छैन । सिंहदरबार वैद्यखाना सबैभन्दा पुरानो आयुर्वेद औषधि उद्योग आज सञ्चालनमा छैन । राजनीति तथा अव्यवस्थित व्यवस्थापनको कारण अहिले ३ सय वर्ष पुरानो उद्योग बिग्रेको अवस्था छ । औषधि उत्पादन गरेर निर्यातसम्म गर्न सक्ने ठाउँमा राज्यले अपहेलित गरेको छ ।

आयुर्वेद जडिबुटी भनेको उत्पादन गरेर निर्यात गर्न सकिने क्षेत्र हो । तर यसमा राज्य अग्रसर भएको छैन । यसमा राज्य अलिकति मात्र अग्रसर भएर सुविधायुक्त बनाइदिने हो भने हामीले औषधि उत्पादन गरेर निर्यात गरेर पैसा देशमा भित्र्याउन सक्छौं । कमाउन सक्छौं । सरकारले जडिबुटी भएको क्षेत्रलाई भ्यालु एडिसन गरेर संकलन गर्ने र प्रवर्द्धन गर्ने कुरा गरेर हामीसँग आउने वातावरण मिलाइदिए मात्र पुग्छ । ७ प्रदेशमा ७ ठाउँमा जडिबटी संकलन केन्द्र मात्र बनाइदिने हो भने पनि त्यहाँबाट आउने गुणस्तरीय जडिबुटी उत्पादन गर्न सक्यौं भने देशलाई पनि राम्रो हुन्छ ।

अहिले बढिरहेको नसर्ने रोगमा जडिबुटी औषधिको प्रमोट गर्न सकियो भने धेरै काम गर्न सक्छौं । आयुर्वेद औषधि उत्पादन र बिक्री-वितरणमा बजारमा अप्ठेरोपन देखिएको छ । सामाजिक सञ्जालबाट विकृति फैलिएको छ । हामीले उत्पादन गर्ने कुनै औषधि २ सयमा बिक्री गरिरहेका छौं । त्यस्तै औषधि सामाजिक सञ्जालमा २ हजार मूल्य राखेर बिक्री गरिरहेको छ । नेपालीले अनलाइनबाट महँगोमै खरिद गरेर खाइरहेका छन् । आयुर्वेद औषधिहरुको कुशल औषधि उत्पादन अभ्यास (जीएमपी) मा रहेर औषधि उत्पादन गर्ने कम्पनीहरु छैनन् । आयुर्वेदको जीएमपी मापदण्ड नै तयार भएको छैन । एलोपिथिक र आयुर्वेदमा केही भिन्नता छ ।

सरकारले मापदण्ड बनाएको अवस्थामा हामी आयुर्वेद औषधि उद्योगहरु त्यो मापदण्डमा रहेर सञ्चालन हुन तयार छौं । हाम्रा उद्योगहरु पनि जीएमपीको मापदण्डमा गएर उत्पादन गर्न सक्ने उद्योगहरु छौं । सरकारले आयुर्वेद औषधि उत्पादनका लागि गुणस्तरीय जडिबुटीको व्यवस्थापन गर्न सक्यो भने हामीले गुणस्तरीय औषधि गुणस्तर राम्रो गर्न सक्छौं । सरकारले जडिबुटीको संरक्षण र संकलन गरिदिएमा हामीले राम्रोसँग उत्पादन गर्न सक्छौं । हाम्रोमा आयुर्वेदमा जनशक्तिको पनि समस्या छ । (लेखक नेपाल आयुर्वेद औषधि उत्पादक संघका अध्यक्ष हुन् ।) स्वास्थ्य खबरबाट




## वडा सदस्यको निधनमा बिदा

**राजविराज**/सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ का वडा सदस्य तथा गाउँपालिकाको न्यायिक समितिका सदस्य राजेन्द्र प्रसाद राय अमातको निधन भएको छ ।

लामो समयदेखि बिरामी रहेका ७० वर्षिय रायको विराटनगरस्थित विराट टिचिंग अस्पतालमा उपचारको क्रममा मंगलबार राती निधन भएको हो ।

वडा सदस्य रायको निधनप्रति गहिरो दुःख प्रकट गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले दिवंगत आत्माको चीर शान्तिको कामना गरेका छन् ।

न्यायिक समितिमा रही निजले न्याय सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको भन्दै अध्यक्ष मण्डलले शोक विज्ञप्ति जारी गरी रायको निधनले अपूरणीय क्षति भएको जनाएका छन् ।

गाउँपालिकाले उनको निधनमा बुधबार एक दिने शोक बिदा दिएको थियो ।

दिवंगत रायको दुई छोरा, दुई छोरी र श्रीमति छन् । दुवै छोरा विदेशमा रहेको र आएपछि मात्रै सदगत गरिने वडा नं. ५ का वडा अध्यक्ष ललन प्रसाद राउतले जानकारी दिए ।



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ विपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# दिपा यादव मृत्यु प्रकरणमा थप एक पक्राउ

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउपालिका ७ की १५ बर्षिया दिपा यादवको भारतमा रहस्यमय मृत्यु भएको प्रकरणमा प्रहरीले थप एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा विष्णुपुर गाउँपालिका ४ निवासी ३० बर्षिय कृष्ण कुमार यादव रहेको प्रहरीले जनाएको छ । उनलाई अनुसन्धानका लागी पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

भारतबाट घर फर्केको बेला अघिल्लो दिन उनलाई गाउँबाटै पक्राउ गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

दिपाको गत मंसिर ३० गते भारतको राजधानी नयाँ दिल्लीमा रहस्यमय मृत्यु भएको थियो । उनको मृत शरीर दिल्लीस्थित लाजपतनगरमा एउटा कोठामा दिल्ली प्रहरीले वरामद गरेको थियो । उक्त कोठा भाडामा लिई वस्दै आएका सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ का रोशन मण्डललाई सोही दिन दिल्ली प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

पछिल्लो पटक नेपाल प्रहरीले पक्राउ गरेका कृष्ण उनकै साथी हुन । दीपा वेपत्ता भएकै दिनदेखि लगातार रोशन र कृष्ण फोन सम्पर्कमा रहेको कृष्णले बोकेको मोबाइल कल डिटेलबाट देखिएको बताइएको छ ।

रोशनका आफन्तले दीपा र रोशनबीच प्रेम सम्बन्ध रहेको र सोही क्रममा दीपा स्वेच्छाले दिल्ली भागी प्रेम बिवाह गरेको दाबी गर्दै आएका छन् ।

दिल्ली वसाई कै क्रममा गत मंसिर ३० गते दुबै बीच समान्य बिवाद हुदा आवेशमा आई दीपाले भुण्डिएर आत्महत्या गरेको समेत रोशनका अभिभावकहरुले बताउँदै आएका छन् । तर, दिपाका अभिभावकले त्यो आत्महत्या नभई हत्या नै भएको दाबी गर्दै आएको छ ।

राजविराज ७ स्थित रोज पब्लिक स्कुलबाट गत वर्ष माध्यमिक शिक्षा परिक्षा (एसइई) दिएकी १५ बर्षिय दीपाको गत जेठ २० गते रोशन र कृष्णसहित मोटरसाईकलमा चढी आएका ४ जना युवाले अपहरण गरी लगेको मामा चन्द्र शेखरले बताउँदै आएका छन ।

सो बारे चार जना विरुद्ध मामा चन्द्र शेखरले जिल्ला प्रहरी कार्यालयमा प्रथम पटक अपहरण, शरिर बन्धक, जबरजस्ती करणी र मानव वेच विखन कसुरमा जाहेरी दिएका थिए । तर भान्जीको मृत्यु भए पश्चात उनले ती चारै जना बिरुद्ध कतर्व्य ज्यान मुदा चलाउन समेत उजुरी दिएका छन् ।

प्रहरीले सो उजुरी दर्ता गर्न आलटाल गरेपछि दीपाका अभिभावहरुले न्याय खोज्दै उच्च अदालत जनकपुर-राजविराज इजलाश पुगेका थिए ।

सो रिट उपर सुनवाई गर्दै न्यायधिश मुनेन्द्र प्रसाद अवस्थी र विमल सुवेदीको संयुक्त इजलाशले २०८० असोज १२ गते परमादेश जारी गरेको थियो । परमादेश पछि प्रहरीले सक्रियता देखाउदै आरोपीलाई पक्राउ गर्न थालेको हो । नाबालिकालाई अपहरण गरी हत्या गरिएको भन्दै दीपाका आफन्तले रोशन र कृष्ण संगै डाक्नेश्वरी नगरपालिका ६ का सूर्य नारायण मण्डल र सकुन्तला देवी मण्डल विरुद्ध पनि प्रहरीमा किटानी जाहेरी दिएका छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

## अन्तर्राष्ट्रिय समाचार

### भोकमरी र बाढीका कारण दक्षिणी अफ्रिकाले मानवीय सङ्कटको सामना गर्दै

**दक्षिण अफ्रिका**/दक्षिणी अफ्रिकामा ठूलो खडेरी र बाढीका कारण लाखौं मानिसले भोकमरी, कुपोषण र पानीको अभावको सामना गरिरहेको सिएनएनले बताएको छ ।

सहायता समूह अक्सफामले जारी गरेको गम्भीर चेतावनीमा दुई करोड ४० लाख मानिस प्रभावित भएको र अवस्था 'अकल्पनीय मानवीय सङ्कट' मा परिणत हुनसक्ने विज्ञहरूलाई डर भएको उल्लेख छ ।

प्रशान्त महासागरमा उत्पन्न हुने प्राकृतिक जलवायु घटना अल निनोका कारण प्रचलित खडेरी अझ तीव्र भएको छ । अल निनोले दक्षिणी अफ्रिकामा उच्च तापक्रम र कम वर्षा ल्याउँछ । यसले सुक्खाको स्थिति बढाउँछ । वर्षा हुँदा सुक्खा जमिनले बाढीको खतरा बढाउँछ ।

मुख्यरूपमा जीवाश्म इन्धन उत्सर्जनबाट सञ्चालित अल निनोले व्यापक जलवायु सङ्कटका प्रभावहरूलाई बढाउँछ । सिएनएनका अनुसार यो सङ्कटले दक्षिणी अफ्रिकामा खडेरी र बाढीसहित बारम्बार थप गम्भीर मौसमी घटनाहरू निम्त्याउँछ । यसलाई अक्सफामले 'जलवायु प्रकोप हटस्पट' भनेर चिनाएको छ ।

दक्षिणी अफ्रिका आफ्नो परम्परागत सुक्खा मौसममा प्रवेश गर्दा अङ्गोला, बोत्स्वाना, प्रजातान्त्रिक गणतन्त्र कङ्गो, मलावी, मोजाम्बिक, नामिबिया, जाम्बिया र जिम्बाब्वेजस्ता मुलुक पहिलादेखि नै लामो समयसम्म सुक्खा अवस्थाबाट ग्रस्त छन् ।

मानवीय मामिलाको समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालयको हालैको प्रतिवेदनले जनवरीको अन्त्यदेखि फेब्रुअरीसम्म वर्षाको स्तर कम्तीमा ४० वर्षमा सबैभन्दा कम रहेको देखाएको छ । यसका साथै यस क्षेत्रको मध्य भागमा फेब्रुअरीमा एक शताब्दीभन्दा पनि बढी समयमा सबैभन्दा सुक्खा अनुभव गरिएको युनाइटेड स्टेट्स एजेन्सी फर इन्डरनेसनल डेभलपमेन्टको भोकमरी प्रारम्भिक चेतावनी प्रणाली नेटवर्कले जनाएको छ ।

यसको असर कृषिमा नराम्ररी परेको छ । अत्यधिक खडेरीले जाम्बिया, मलावी र मध्य मोजाम्बिकमा २० लाख हेक्टरभन्दा धेरै बालीमा क्षति पुर्‍याएको छ । यसबाट खाद्य असुरक्षा बढेको छ ।

मलावीका राष्ट्रपतिले चरम मौसमको स्थितिका कारण लागातार चौथो वर्ष मुलुकका अधिकांश हिस्सामा प्रकोपको अवस्था घोषणा गर्नुभएको छ । विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले मलावीमा जलवायु सङ्कटमा अल निनोको मिश्रित प्रभावलाई उजागर गरेको छ ।

विश्वव्यापी उत्सर्जनमा न्यूनतम योगदान दिए पनि दक्षिणी अफ्रिका जलवायु परिवर्तनका लागि उच्च जोखिममा रहेको छ । उत्सर्जन नगन्य रहेको मोजाम्बिकमा ३० लाख मानिसले भोकमरीको सामना गर्नुपरेको छ । राजधानी मोपुटोले मार्चमा विनाशकारी बाढीको अनुभव गर्नुपरेको छ ।

एक्सनएडको अन्तर्राष्ट्रिय क्लाइमेट जस्टिस लिडका टेरेसा एन्डरसनले अन्यायको निन्दा गर्दै थोरै काम गर्दा मोजाम्बिक जस्ता गरिब मुलुकहरू सङ्कटको चपेटामा परेको बताउनुभयो । उहाँले धनी प्रदूषणकारी मुलुकहरूलाई जिम्मेवारी लिन र कमजोर समुदायको सहयोगका लागि जलवायु वित्त प्रदान गर्न आग्रह गर्नुभयो ।

अक्सफामका दक्षिणी अफ्रिका कार्यक्रम निर्देशक माचिन्डा मारोड्वेले तत्कालीन अवस्थालाई ध्यानमा राख्दै दाताहरूसँग बढ्दो मानवीय प्रकोपलाई रोक्न तत्काल स्रोतहरू जारी गर्न आग्रह गर्नुभयो । "यी सबै मुलुकले एकसाथ धेरै सङ्कटको सामना गर्नुपरेको छ, त्यसैले तत्काललाई अतिरञ्जित गर्न सकिँदैन", उहाँले भन्नुभयो । एजेन्सी

### एप्पलद्वारा ६०० कर्मचारी कटौती

**वासिङ्टन**/अमेरिकी बहुराष्ट्रिय प्रविधि कम्पनी एप्पलले छ सयभन्दा बढी कर्मचारी कटौती गरेको छ । यो आइफोनको विशाल जनशक्तिमा महामारीपछिको पहिलो ज्ञात कर्मचारी कटौती हो । क्यालिफोर्नियास्थित यो कम्पनी गत वर्ष कोरोना भाइरस महामारीका क्रममा ठूलो मात्रामा भर्नापछि अमेजन, मेटा, गुगल र अन्य प्राविधिक कम्पनीहरूमा कर्मचारी कटौतीको ठूलो अवस्थाबाट धेरै हदसम्म बचेको थियो ।

डब्ल्युएआरएन भनिने क्यालिफोर्नियाको कर्मचारी समायोजन तथ पुनरप्रशिक्षण अधिसूचना ऐनअनुसार एप्पलले मार्च २७ मा धेरै कार्यालयहरूमा छ सय १४ कर्मचारीलाई नोकरीबाट निकालेको छ । कम्पनीले कर्मचारी कटौतीबारे शुक्रबार कुनै जवाफ दिएको छैन ।

ब्लुमबर्गका अनुसार नोकरीमा कटौती कम्पनीको विद्युतीय कार बनाउने असफल योजनासँग सम्बन्धित थियो । यसबाट एक दशकदेखि भइरहेको सङ्घर्षपूर्ण परियोजना समाप्त भएको छ । आइफोन निर्माताले आफ्नो गोप्य कार विकास कार्यक्रमका लागि करिब दुई हजार कर्मचारीलाई समर्पित गरेको तर उसले बढ्दो विद्युतीय वाहन (इभी) क्षेत्रको सामना गर्नुपरेको ब्लुमबर्गले बताएको छ । एप्पललाई कानूनीरूपमा क्यालिफोर्नियामा मात्र कर्मचारी कटौतीको सूचना दिन आवश्यक भएकाले कर्मचारी कटौतीको दायरा व्यापक हुनसक्छ । एजेन्सी

# सोनार समाजमा पुनः साह




**राजविराज**/नेपाल सोनार समाज राजविराज नगर समितिको अध्यक्षमा पुनः बालकिशोर साह चुनिएका छन्।

समाजको तेश्रो वार्षिक साधारण सभाले शनिबार साहको नेतृत्वमा निर्विरोध नयाँ कार्यसमिति चयन गरेको हो। साह यसअघि पनि समाजको नगर समिति अध्यक्ष थिए।

समितिको उपाध्यक्षमा राजेन्द्र प्रसाद साह, सचिवमा बिनोद साह र कोषाध्यक्षमा महेश्वरप्रसाद साह चयन भएका छन्।

यस्तै सदस्यहरुमा शिवशंकर प्रसाद साह, श्याम साह, बसन्त साह, धर्मेन्द्र साह र बेताव साह चयन भएका छन्।

नवगठित समितिको सल्लाहकारमा प्रभात कुमार ललन, शिवनारायण साह, सत्यनारायण साह, देवेन्द्र साह र बिमल कुमार साहको चयन गरिएको नगर समितिद्वारा जारि विज्ञप्तिमा उल्लेख छ। नयाँ कार्यसमितिको कार्यकाल पाँच वर्षको हुनेछ।

यसअघि नगर समितिका अध्यक्ष साहको अध्यक्षतामा आयोजित साधारण सभाको उद्घाटन समारोहमा प्रमुख अतिथि नेपाल सोनार समाजका केन्द्रिय अध्यक्ष महादेव साह, निर्माण व्यवसायी संघका पूर्वअध्यक्ष रामअशिष प्रसाद साह, राजविराज नगरपालिकाका कार्यपालिका सदस्य मनोज साह लगायतले शुभकामना दिएका थिए।

कार्यक्रममा समितिका निवर्तमान सचिव ओमप्रकाश साहले स्वागत तथा कोषाध्यक्ष महेश्वर प्रसाद साहले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

# देशभरका कसेरा समाजका अगुवा राजविराजमा

**राजविराज**/जातिय उत्थान, संस्कृतिको जगेर्ना र आफ्नो पहिचानका लागि जुर्मुराएका देशभरका कसेरा समुदायका अगुवा राजविराजमा भेला भएका छन्।

कसेरा समाज नेपाल सप्तरीले शनिबार राजविराजमा आयोजना गरेको प्रस्तावित विधान माथीको छलफल कार्यक्रममा सहभागि हुन उनीहरु यसरी भेला भएका हुन्।




कार्यक्रमको उद्घाटन गर्दै कसेरा समाजका केन्द्रिय तदर्थ समितिका अध्यक्ष हरिनारायण साह कसेराले संगठित रुपमा अघि बढेमात्र सफलता मिल्ने बताउँदै कसेरा समुदायको आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक पक्ष सबल बनाउन सबै संगठित भई अघि बढ्नु पर्नेमा जोड दिए।

उनले देशभर छरिएर रहेका कसेरा समुदायलाई संगठित गरी उत्थान र पहिचानका लागि आफू सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दै यसमा सबैको साथ र सहयोग आवश्यक रहेको बताए।

यसअघि गत माघ २६ र २७ गते सुनसरीको इटहरीमा भएको कसेरा समाजको प्रथम राष्ट्रिय भेलाले तदर्थ समिति गठन गर्दै विधान तयार गरी अघि बढ्ने निर्णय गरेअनुरुप विधान माथी छलफल कार्यक्रमको आयोजना गरिएको र भेलाबाट विधान पारित गरी संस्थाको गतिविधीलाई तिव्रता प्रदान गरिने कार्यक्रमका आयोजक कसेरा समाज नेपाल सप्तरीका अध्यक्ष दिनेश कुमार साह कसेराले जानकारी दिए।

दुई दिनसम्म चल्ने कार्यक्रमको पहिलो दिन अर्जुन साह कसेराले प्रस्तावित विधान प्रस्तुत गरे पश्चात् छलफल र सुझाव संकलन कार्य सुरु भएको समाजका केन्द्रिय वरिष्ठ सल्लाहकार गणेश कुमार आशले बताए।

कार्यक्रममा कसेरा समुदायका एक दर्जन भन्दा बढी ज्येष्ठ नागरिकलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो। समाजका सप्तरी अध्यक्ष दिनेशकुमार साह कसेराको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा समाजका केन्द्रिय महासचिव दिपक साह कसेरा, केन्द्रिय कोषाध्यक्ष पुनमदेवी साह कसेरा, केन्द्रिय सल्लाहकार रामनारायण साह, मोरङ जिल्ला अध्यक्ष लक्ष्मण प्रसाद साह, झापा जिल्ला अध्यक्ष मदनमोहन साह कसेरा, उपाध्यक्ष प्रदिप कुमार साह कसेरा, सुनसरी जिल्ला अध्यक्ष परमानन्द साह, धनुषा जिल्ला अध्यक्ष सोनु कुमार साह, सचिव आकाश कुमार साह, महोत्तरी जिल्ला प्रतिनिधि महेन्द्र प्रसाद साह, उदयपुर जिल्ला प्रतिनिधि महेश साह, मकवानपुर जिल्ला प्रतिनिधि कृष्णा कंसाकार लगायतले प्रस्तावित विधानमा समेटिनु पर्ने विषयमा सुझावसहित शुभकामना दिए।

दुई दिनसम्म चल्ने कार्यक्रममा देशभरबाट कसेरा समाजका दुई सय भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको समाजले जनाएको छ।

# सरकारी छाप दस्तखत किर्ते मुद्दामा दुई पक्राउ

**राजविराज**/सरकारी छाप दस्तखत किर्ते मुद्दामा पक्राउ परेका दुई जनालाई प्रहरीले म्याद थप गराई थप अनुसन्धान प्रक्रिया अघि बढाएको छ।

नगरपालिकाको लेटरप्याड, छाप तयार गरी नक्कली सिफारिश पत्र बनाएर ठगी गरेको आरोपमा प्रहरीले सप्तरीको खडक नगरपालिका ११ बस्ने ४३ वर्षिय विरेन्द्र कुमार साह र ४० वर्षिय राम प्रकाश सरण चौधरीलाई पक्राउ गरेको हो।

खडक नगरपालिकाको नक्कली लेटरप्याड, छाप र नगर प्रमुखको किर्ते हस्ताक्षर समेत गरी सिफारिश पत्र बनाएर सरकारी संस्थानबाट मलखाद खरिद र विक्री गरी ठगी गरेको उनीहरुमाथी आरोप छ।

सोही नगरपालिकाका उपमेयर रीता कुमारी चौधरीको सहयोगीको रुपमा नगरपालिकामा काम गर्दै आएका साह कर्मचारी हुन भने चौधरी मलखाद विक्री गर्ने एक सहकारी संस्थाका संचालक हुन्।

प्रहरीले पक्राउ गरी मुद्दा चलाएपछि साहलाई निलम्बनको तयारी गरिएको मेयर जयप्रकाश चौधरीले बताए। साहले नक्कली लेटरप्याड, छाप र चलानी नम्बर मात्र नभई आफ्नो हस्ताक्षर समेत किर्ते गरी नक्कली सिफारिश पत्रको आधारमा सरकारी संस्थानबाट १ सय २२ बोरा मल खाद्य खरिद गरी बिक्री गरेको जानकारी प्राप्त भएको मेयर चौधरीले बताए।

नक्कली सिफासिश पत्र मार्फत वडा नम्बर ४ का लागी सरकारी संस्थानबाट प्राप्त गरेको उक्त मलखाद्य आफ्नै वडा ११ मा लगेर बिक्री गरेको समेत आफुलाई जानकारी प्राप्त भएको उनको भनाइ छ।

दुबै जनाको मिलोमतोमा उक्त किर्ते र ठगी काम भएको प्रहरीको भनाई छ। उनीहरुमाथी प्रहरीले सरकारी छाप दस्तखत किर्ते मुद्दा चलाएको छ।

### गाउँपालिका ...

आरोपपत्र दायर गरेको थियो।

गत साउन ३१ गते सोलार बत्ति जडान कार्य सम्पन्न भएपछि अन्तिम भुक्तानी दिने क्रममा जडान कम्पनिका प्रतिनिधिसँग ५ लाख रुपैया घुस लिंदै गर्दा लेखापाल टेकनारायण र एमाआइएस अपरेटर बिरेन्द्रलाई अख्तियारको इटहरीस्थित कार्यालयको टोलीले राजविराजको एक बस बुकिङ काउन्टरबाट पक्राउ गरेको थियो।

### पशु अस्पताल ...

उक्त कन्स्ट्रक्सनले दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने जिम्मेवारी प्राप्त गरेको हनुमानगर कंकालिनी नगरपालिकाले जनाएको छ।

नगरपालिकाका प्रमुख वीरेन्द्र माझीले उक्त भवनमा पशुसम्बन्धी हरेक रोगको उपचार गर्ने लक्ष्य राखिएको जानकारी दिए। उनले समपूरक योजना अन्तर्गत ५० प्रतिशत सङ्घीय सरकार र ५० प्रतिशत बजेट नगरपालिकाले बेहोर्ने बताए। अस्पताल भवनको राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा जयकान्त राउतले शिलान्यास गरेका थिए।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : saptahiknavin@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np